[redacted] 4.1.2 – 61

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(वन तथा वातावरण लेखापरीक्षण निर्देशनालय)
डोरमुकाम मनाङ

Phone: 4258174
4266034
4255707
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu
NEPAL

अ.छा.दे.

पत्र संख्याः २०७७/०७८
च.नं. १७

मितिः २०७८/०२/०२

विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
नासों गाउँकार्यपालिकाको कार्यालय,
धारापानी, मनाङ ।

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७६/०७७ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७८/०१/३० मा छलफल पश्चात् तयार गरिएको पाना २२ (बाईस) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदादयित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५(२) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी लेखाउत्तदायी अधिकृत/कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

(शंकर प्रसाद पन्थी)
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार काठमाडौं - प्रतिवेदन संलग्न छ ।
श्री जिल्ला समन्वय समिति,
मनाङ - प्रतिवेदन संलग्न छ ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
मनाङ - प्रतिवेदन संलग्न छ ।

आर्थिक कारोबारको स्थिति

कार्यालय र स्थानः श्री नार्सौं गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मनाङ

आर्थिक वर्षः २०७६।७७

	नाम	कार्यरत अवधि		बेरुजु रकम
		देखि	सम्म	
कार्यालय प्रमुखः	प्र. प्र. अधिकृत श्री सुमन अधिकारी	२०७६।०४।०१	२०७६।११।२५	६४७०५७७।४६
	प्र.प्र.अधिकृत श्री शारदा भण्डारी	२०७६।११।०५	२०७७।४।३१	
लेखा प्रमुखः	लेखापाल श्री रबिन्द्र राज पौडेल	२०७६।०४।०१	२०७६।०८।१५	
	अधिकृत छैठौ लेखा,श्री चित्र बहादुर पौडेल	२०७६।०८।१५	हालसम्म	

वित्तीय प्रतिवेदन

आ.ब. २०७६-७७

स्थानीय सञ्चित कोषः आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।

सि.नं.	आय तर्फ			सि.नं.	व्यय तर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी		८३९९८३२।५३	१	*चालु खर्च तर्फ*		१३०५४९०७८.२४
	ग.४ १ संचित कोष खाता	७९०९२१५।५३			संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम चालु	६९८४५७४८।७०	
	ग.३ धरौटी	३५६५००।००			ना.सो.गा.पा.समानीकरण अनुदान चालु	१५५६०८००।००	
	कर्मचारी कल्याण कोष खाता	१३४११७।००			प्रदेश समानिकरण अनुदान चालु	८२७५७२८।००	
					संघिय राजश्वबाँडफाड बाट चालु	१८१७५६४३।५४	
२	आन्तरिक आय तर्फ		२७१४७३३।९२		आन्तरीक श्रोत खर्च चालु	४८२०५७।००	
	भुमिकर /मालपोत	२८५७०९।००			प्रदेश ससर्त चालु अनुदान	४०७८६९५।००	
	घर बहाल कर	१६०१०२।००			गरीब सग विश्वेस्वर कार्यक्रम	४९५०००।००	
	अन्य कर	५१३०६।००			राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग	७८२४००।००	
	अन्य बिकीबाट प्राप्त रकम	१८३०००।००			कोरना कोष खर्च	१४०४८९२।००	
	अन्य प्रशासनिक सेवा शुल्क	१४८४५०।००			सामाजिक सुरक्षा कार्यक्रम	७१०९६००।००	
	सिफारिस दस्तुर	७५९५०।००				१३०५४९०७८।२४	
	व्यवसाय रजिष्ट्रेसन दस्तुर	१७१५०५।००		२	*पुजिंगत खर्च तर्फ*		५३४६६९६४।२०
	अन्य राजश्व	१५७८१६१।९२			संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम	८०४७७७४।००	
	व्यवसाय कर	६०५५०।००			ना.सो.गा.पा.समानीकरण अनुदान	२४४०३१९०।२०	
					प्रदेश ससर्त पुजिगत अनुदान	२०००००००।००	
					प्रदेश विशेष अनुदान	३०००००००।००	
३	वित्तिय हस्तान्तरण		२०३९४४०००।०००		स्थानी पुर्वाधार साझेदारी कार्यक्रम	१५४००००००।००	
	संघिय समानीकरण अनुदान	६६४००००००।००			राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग	२०६०००।००	
	संघिय सशर्त अनुदान	९६९३५०००।००			जि.न.स.को कार्यलय प्राप्त योजना खर्च	४१००००।००	
	विशेष अनुदान संघिय	१००००००००।००					
		११७५९०००।०					

	प्रदेश ससर्त अनुदान	८८५०००००००		३	को.ले.नि.का फिर्ता		४०५८५८६२।३०
	प्रदेश विशेष अनुदान	१०००००००००			संघिय ससर्त अनुदान	९४४७११५।००	
					विशेष अनुदान	१००००००००।००	
४	अन्य अनुदान		२५७६६०००।००		प्रदेस ससर्त अनुदान	२७७।३८५।००	
	स्थानीय पुर्वाधार साझेदारी कार्यक्रम	१५४०००००००			प्रदेस विशेष अनुदान	७००००००।००	
	सामाजिक सुरक्षा कार्यक्रम	८३६३०००।००			राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग	५१९६००।००	
	गरीब सँग विश्वेस्वर कार्यक्रम	४९५०००।००			सामाजिक सुरक्षा कार्यक्रम	१२४०४००।००	
	राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग	१५०८०००।००			सामाजिक सुरक्षा कार्यक्रम	१३०००।००	
					संघिय ससर्त चालु अनुदान बेरुजु दाखिला	९५९।४३६२।३०	
				४	धरौटी		१४७७५००।००
५	राजश्व बाँडफाँड		२६१२५६४२।४६		धरौटी खर्च	१४७७५००।००	
	राजस्व बाडँफाडबाट प्राप्त हुने अन्त शुल्क	२५४०२६४२।४६					
	राजस्व बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर	७२३०००।००			वैकं मौज्दात		४६२६२५७९।१७
६	ग ३ धरौटी आम्दानी		२३७०१४६।००		ग ४ १ संचित कोषमा रहेको रकम		
	धरौटी पाप्त रकम आम्दानी	२३७०१४६।००			समानीकरण अनुदानु संघ	२६४३६००९।८०	
७	प्रकोप व्यवस्थापन		५०८९३५३।००		प्रदेश समानीकरण अनुदान	३४८३२७२।००	
	कारान्ना कोषमा निकासा	५०८९३५३।००			आन्तरिक आय गतको अल्या	३०८८६४४।५३	
८	जिल्ला समन्वय समिति		३०००००००।००		राजश्व बाडफाड	७९४९९१८।९२	
९	जिल्ला समन्वय समिति प्राप्त बाट	३०००००००।००			यस वर्षको आन्तरीक राजश्व	२७१४७३३।९२	
१०	कर्मचारी कल्याण कोष		२५००००।००		जि.स.स.समन्वय प्राप्त रकम संचित कोष ग ४ १ मा रहेको	२५९००००।००	
	कर्मचारी कल्याण कोषमा निकासा	२५००००।००				४६२६२५७९।१७	
				५	विभिन्न मौज्दात रकम		५३१७७२४।००
					धरौटी रकम बाकी	१२४९१४६।००	
					कोरना कोषमा बाकी	३६८४४६१।००	
					कर्मचारी कल्याण कोष खातामा	३८४११७।००	
			२७७६५९७०७।९१				२७७६५९७०७।९१

नं./मिति	विवरण	बेरुजू रकम	फछ्र्यौटको व्यहोरा
	परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नासौं गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ९ वडा, ४० सभा सदस्य, ७०९.५८ वर्ग किलोमिटर क्षेत्रफल तथा १९३८ जनसंख्या रहेको छ ।		
	लेखापरीक्षणको क्रममा रु १२४६८।०० बेरुजु खातामा दाखिला भएको छ ।		
	कानुनी पक्षः		
	कानुन निर्माणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले हालसम्म ३ ऐन, ३ नियमावली, ६ कार्यविधि, आचारसंहिता १, निर्देशिका १ समेत १४ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।		
२	न्यायीक समिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । यस पालिकामा कुनैपनि विवाद दर्ता भएको छैन् ।		
	वित्तीय विवरण – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।		
	संगठन तथा कर्मचारी ब्यवस्थापन		
	कर्मचारी करार –स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले कृषि र पशुसेवा तर्फ ३, स्वास्थ कर्मी ११, कार्यालय सहयोगी २१, हलुका सवारी चालक १ समेत ३६ जना कर्मचारीहरु करारमा राखी रु ९१,८१,४४०। खर्च लेखेको छ ।		

आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नुपर्नेमा लागू गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैंकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।
- पालिकाले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन ।
- दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- सवारीको मर्मत तथा सम्भार अभिलेख राखेको पाइएन ।
- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस नगरेको पाइयो।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ र ९ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।
- पालिकाले आयोजना। कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो गरेको पाइएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांश पालना भएको पाईएन।
- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ २७ र प्रशासनिकतर्फ २२ समेत ४९ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा प्राविधिकतर्फ १७ र प्रशासनिकतर्फ १४ समेत ३३ पदपूर्ती भएकोमा पालिका सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।
- निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोडसम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति परिमाण लाग्ने रकम उपभोक्ता समिति वा लाभग्राहि समुदायले व्योहोर्ने वा बेहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाइ सार्वजनिक निकायले सार्वजनिक सुचना प्रकाशन गरि प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेकोमा सो अनुसार गरेको पाइएन ।
- स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा गांउपालिका क्षेत्रमा स्थल जल वायु तथा ध्वनि प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ। गाउंपालिकाले यो बर्ष वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तर्जुमा गरेको छैन।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानिय तहले भु जोखिम संवेदनशिलताका आधारमा जग्गाको उपयोग सम्वन्धि मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृती दिन सक्ने व्यवस्था छ। यस नगरपालिकाले जग्गाको उपयोग सम्वन्धी मापदण्ड वनाई लागु गरेको देखिएन। • सामाजिक सुरक्षा नियमावली २०७६, को नियम २३(१) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्नेमा पालिकाले समयमा प्रतिवेदन गर्ने कार्य गरेको पाइएन। • सामाजिक सुरक्षा कार्यक्रम संञ्चालन कार्यविधि, २०७५ दफा ३३ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्नेमा नगरेको साथै पालिकावाट पठाएको रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहितको (Reverse Feed) विवरण पेश गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकामा उक्त शर्तअनुसार बैंकवाट चौमासिक रुपमा जम्मा भएको विवरण प्राप्त भएको देखिएन। लेखापरीक्षणको क्रममा माग पश्चात मात्र लाभग्राहीको खातामा जम्मा भएको खाताको विवरण सहितको विवरण प्राप्त भएको छ। तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।		
आन्तरिक लेखापरीक्षण - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण अन्तिम चौमासीकमा कार्यालयकै अन्तरिक लेखापरीक्षकवाट भएको पाइयो । कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण नियमित गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।		
बजेट पेश, पारित र अख्तियारी - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री कमल माया गुरुङले २०७६।३।१० गते रु.२४ करोड १९ लाख १७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।		

चौमासिक पूँजीगत खर्च - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति स्पस्ट उल्लेख भै नअएकोले चौमासिक रुपमा खर्च विश्लेषण गर्न सकिएन ।

क्षेत्रगत बजेट र खर्च- स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को शंशोधित क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

रु हजारमा

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	२०१९७	३६२३	१८
सामाजिक क्षेत्र	८३०९७	३९२४२	४७
पूर्वाधार विकास	५१०९८	१२७२३	२५
सुशासन र संस्थागत विकास	१२७५०	४१४८	३३
कार्यालय सञ्चालन र प्रसाशनिक	९१९९४	४२२८२	४६
जम्मा	२५९१३६	१०२०१८	३९

३ खर्च बिश्लेषणः पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु २७१४७३३।९२ राजस्व बाँडफाँड र अनुदानबाट रु २७४९४४९७३।९९ समेत रु २७७६५९७०७।९१ आम्दानी भएकोमा चालु तर्फ रु १३०५४९०७८।४० र पूँजिगत तर्फ रु ५३४६६९६४।२० समेत रु १८४०१६०४२।६० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.४७ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुविधामा रु १५४०४०० खर्च भएको छ जुन आन्तरिक आयको ५६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७०.९४ प्रतिशत चालु र २९.०५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा शिर्षकगत अनुमान नगरी एकमुष्ठ आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
भूमी कर	३०००००	२८५७०९	९५
घर बहालकर	१५००००	१६०१०२	१०७
अन्य कर	३५००००	५१३०६	१५
अन्य बिक्रीवाट प्राप्त आय	१०००००	१८३०००	१८३
अन्य प्रशासनिक सेवा	२५००००	१४८४५०	५९
सिफारिस दस्तुर	६००००	७५९५०	१२७
व्यवशाय दर्ता	४०५०००	१७१५०५	४२
व्यवशाय कर	५००००	६०५५०	१२१
अन्य राजस्व(बेरुजू समेत)	५००००	१५७८१६१।९२	३१५६
जम्मा	१७१५०००	२७१४७३३।९२	१५८

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

राजस्वको अभिलेख - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ । गाउँपालिकाले यस आर्थिक वर्षमा रु १७१५००० लाख राजस्व लक्ष्य राखेकोमा रु २७१४७३३।९२ राजस्व संकलन गरेको छ । राजस्व संकलन सम्बन्धमा निम्नानुसार अवस्था देखिएको छ :

कार्यालयले यस वर्ष राजस्व आम्दानीतर्फ म.ले.प.फा.नं. १०८, १०८क र २३ का खाताहरू राखेको छैन । वडाहरूबाट राजस्व प्राप्त गर्न प्रयोग गरिएका रसिदहरू एउटा वडाको मात्र नभई एकै रसिदमा २।३ वडाको आम्दानी प्राप्त भएको पाइयो । कुन वडाबाट कति राजस्व प्राप्त भएको हो भन्न सकिने अवस्था रहेन ।अतः पालिकाले वडा अनुसार छुट्टाछुट्टै रसिद आवश्यकता अनुसार उपलब्ध गराउनु पर्दछ र प्राप्त आम्दानी रुजु गरी ऐनको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८, १०८ क र म.ले.प.फा.नं. २३ का नयाँ संशोधित फारममा प्रविष्ट गरी राजस्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ ।

- पालिका आफैले संकलन गरेको राजस्व वाहेक वडा कार्यालयवाट प्राप्त रकमको शिर्षकगत विवरण नराखेको कारण कुन शिर्षकमा कति रकम प्राप्त भयो अभिलेख राखेको छैन ।

- गाउँपालिकामा विभिन्न कर्मचारी र वडाबाट राजस्व दाखिला र रसिद काट्ने गरेकोले अभिलेख भिडान गर्न सक्ने अवस्था नरहेको ।
- गाउँपालिकाको आर्थिक ऐन २०७६ ले व्यवस्था गरे भन्दा फरक दरमा राजस्व संकलन गर्ने गरेको ।
- गाउँपालिकाभित्र आर्थिक ऐनमा उल्लेख भएको वर्गीकरण बमोजिम कति संख्यामा व्यवसाय, होटल वा वित्तिय संस्था लगायतका करयोग्य क्षेत्र छन् यकिन नभएको ।
- वडाहरुले रसिद काट्दा सिलसिलेवार मितिमा नकाटेको देखियो।
- गाउँपालिकाले बैक दाखिलाका आधारमा श्रेस्तामा आम्दानी बाँध्ने गरेको ।
- राजस्व बक्यौताको अभिलेख राखेको छैन ।

यस कार्यालयले उठाउने सबै प्रकारका राजश्वहरुको लगत अद्यावधिक गरि उठाउनुपर्नेमा उठाएको छैन ।

८ सेवा प्रवाहः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता ३२ र मृत्यु दर्ता १०, नाता प्रमाणित २६, घरबाटो सिफारिस २८, नागरिकता सिफारिस १८, बसाइ सराइ ३ र अन्य सिफारिस १४५ बटा गरेको पाइयो।

९ नक्सा पास र मुल्याङकनः स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २७ को १ अनुसार कसैले पनि गाउँपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । तोके बमोजिम संरचना निर्माण गर्नुपुर्व गाउंपालिकाबाट त्यसको नक्सा पास गर्ने व्यवस्थालाई प्रभावकारी कार्यान्वयन र मुल्याङकन प्रणालीलाइ यथार्थपरक बनाउनुपर्दछ ।

१० धेरै सख्यामा निर्माण कामः गाउँपालिकाले यस वर्षा गाउँपालिका पुँजिगत खर्च शिर्षक तर्फ निम्नानुसारका ६० टुक्रामा निर्माण काम गराएको पाइयो । गाउँसभाबाट योजना छनोट गरी रकम विनियोजन गर्दा लाभग्राहीहरु प्रत्यक्ष रुपमा लाभान्वित हुनेगरी योजनाको लागी प्रयास रुपमा बजेट विनियोजन हुनुपर्ने देखिन्छ ।

क.सं.	विवरण	योजना संख्या	रकम
१	रु.१ लाख सम्मका योजना	३	२४८०००
२	रु.१ लाख देखि रु.५ लाख सम्मका योजना	२६	९९०००००
३	रु.५ लाख देखि रु.५० लाख सम्मका योजना	३०	४४२५२०००
४	रु.५० लाख देखि माथिका योजना	१	१२००००००

११ विविध खर्च - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष रु. ९७४९३५.०० खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

ससर्त चालु

औषधी खरिद -पालिकाले यो वर्ष रु.१२०५३३०।०० को औषधि एवं उपकरण खरिद गरेकोमा यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन् ।

- आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,
- आपूर्ति भएका औषधी एवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।
- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

शिक्षा तथा खेलकुद तर्फ

शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ११ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

सि.नं.	विद्यालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विद्यार्थी संख्या
१	श्री ज्ञानोदय आधारभूत विद्यालय	४	४	०	१९
२	श्री पशुपती आधारभूत विद्यालय	६	६	०	२५
३	श्री जनविकास आधारभूत विद्यालय	९	९	०	२९
४	श्री प्रकाश ज्योती माध्यामिक विद्यालय	१५	११	२	१५३
५	श्री हिमज्योती आधारभूत विद्यालय	९	७	२	३३
६	श्री धारापानी आधारभूत विद्यालय	४	३	१	२५
७	श्री सरस्वती आधारभूत विद्यालय	६	६	०	७
८	श्री मनसुरी आधारभूत विद्यालय	८	८	०	२५
९	श्री मर्सायाङदी आधारभूत विद्यालय	४	४	०	७
१०	श्री भानु माध्यामिक विद्यालय	१४	९	३	६०
११	श्री अमर आधारभूत विद्यालय	४	४	०	१
	जम्मा	७९	७१	८	३८३

उल्लेखित तालिकामा प्रकाश ज्योती मा.वि. मा शिक्षक विधार्थी अनुपात १:१२ रहेको छ भने दिन अमर आधारभूत विद्यालयमा विधार्थि भन्दा शिक्षक वढी भएको र अन्य विधालयमा समेत न्युन विधार्थी अवस्थामा रहेको देखियो । यसरी हेर्दा पालिकाले शिक्षक विधार्थी अनुपात नमिलाइ अवश्यकता भन्दा वढी शिक्षक मिलान नगरी थप व्ययभार पारेको देखियो ।

१ प्रारम्भिक बाल विकास तर्फः पालिकामा रहेका विद्यालयहरुमा निम्नानुसार विद्यार्थी रहेको देखिन्छ।

सि.नं.	विधालयको नाम	विधार्थी संख्या
१	श्री ज्ञानोदय आधारभूत विद्यालय	७
२	श्री पशुपती आधारभूत विद्यालय	६
३	श्री जनविकास आधारभूत विद्यालय	६
४	श्री प्रकाश ज्योती माध्यामिक विद्यालय	२
५	श्री हिमज्योती आधारभूत विद्यालय	११
६	श्री धारापानी आधारभूत विद्यालय	१२
७	श्री सरस्वती आधारभूत विद्यालय	१
८	श्री मनसुरी आधारभूत विद्यालय	१०
९	श्री मर्सीयाडदी आधारभूत विद्यालय	३
१०	श्री भानु माध्यामिक विधालय.	७
११	श्री अमर आधारभूत विद्यालय	१
१२	श्री रवा बालविकास केन्द्र सामुदियक	२
	जम्मा	११५

उल्लेखित विद्यालयहरुमा वाल बिकास तर्फ अत्यन्तै न्यून संख्यामा विद्यार्थी रहेको देखिन्छ। पालिकाले न्यून विद्यार्थी संख्यालाई बढाउन थप प्रभावकारी कार्यक्रम संचालन गर्नुपर्ने देखिनछ।

कोभिड-१९ तर्फः

आ.व. २०७६।७७ को अषाढ मसान्तसम्म कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छ।

आम्दानी स्रोत	रकम रु	खर्च शिर्षक	रकम रु
प्रदेश सञ्चित कोषवाट	५०००००	राहात वितरण	१४०१६०
संघिय कोभिड कोषवाट	००	क्वारेन्टाइन निर्माणा तथा व्यवस्थापन	७०१६९२
स्थानिय तहको आफ्नै वजेटवाट	११८१९१२	आइशोलेसन केन्द्र निर्माण व्यवस्थापन	
अन्य स्रोतवाट	३००००००	जनशक्ती परिचालन	१४०००

कर्मचारीवाट कोष कट्टि	४०७४४१	औषधी एवं स्वास्थ्य उपकरण तथा सामाग्री खरिद	५४९०४०		
		अन्य			
		बाँकी	३६८४४६१		
जम्मा	५०८९३५३	जम्मा	५०८९३५३		

सहभागी भत्ताः गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७५ अनुसार तालिममा सहभागी भए बापत कुनै पनि भत्ता नपाउने व्यवस्था रहेकोमा पालिकाका निम्न पदाधिकारी तथा कर्मचारीहरुले मिति २०७६।८।२८ देखि ३० सम्म सञ्चालित सम्पति कर तथा राजश्व सुधार सम्बन्धी प्रशिक्षण कार्यक्रममा सहभागी भत्ता लिएकोले नियम विपरितको रकम असुल गर्नुपर्ने रु..... ६३७५०।००

सि.नं.	नाम	पद	रकम
१	श्री चन्द्र घले	गा पा अध्यक्ष	२५५०
२	श्री कमलमाया गुरुङ	गा पा उपाध्यक्ष	२५५०
३	श्री सुमन अधिकारी	प्रमुख प्रशाकीय अधिकृत	२५५०
४	श्री झलक बहादुर गुरुङ	१ नं वडाध्यक्ष	२५५०
५	श्री भिम बहादुर गुरुङ	२ नं वडाध्यक्ष	२५५०
६	श्री मिन बहादुर गुरुङ	३ नं वडाध्यक्ष	२५५०
७	श्री तर्क बहादुर गुरुङ	४ नं वडाध्यक्ष	२५५०
८	श्री छिरिङ ग्याल्पो पुनेल	५ नं वडाध्यक्ष	२५५०
९	श्री डिमा ओङग्याल पुनेलव	६ नं वडाध्यक्ष	२५५०
१०	श्री धन बहादुर गुरुङ	७ नं वडाध्यक्ष	२५५०
११	श्री हुपजंग गुरुङ	८ नं वडाध्यक्ष	२५५०
१२	श्री तुल बहादुर वि क	कार्यपालिका सदस्य	२५५०
१३	श्री फुलमाया गुरुङ	कार्यपालिका सदस्य	२५५०
१४	श्री अमिषा गुरुङ	कार्यपालिका सदस्य	२५५०
१५	श्री गोबिन्द बहादुर रानाभाट	ब.का. अ.	२५५०
१६	श्री चित्र बहादुर पौडेल	लेखा अधिकृत	२५५०
१७	श्री तुलसीराम गुरुङ	स्वास्थ्य संयोजक	२५५०
१८	श्री रविन्द्रराज पौडेल	लेखापाल	२५५०
१९	श्री दा धोर्जे विष्ट	आ ले प प्रमुख	२५५०
२०	श्री मिनकारी गुरुङ	राजश्व शाखा प्रमुख	२५५०
२१	श्री प्रदिप कुमार यादव	सव ईन्जिनियर	२५५०

२२	श्री कृष्ण बहादुर गुरुङ	एम आइ एस अपरेटर	२५५०
२३	श्री पोष्ट नारायण ढकाल	५ नं वडा सचिव	२५५०
२४	श्री रामु अधिकारी	६ नं वडा सचिव	२५५०
२५	श्री तिज घले	प्र. अ.	२५५०
		जम्मा	६३७५०

अग्रिम करकट्टीः ३।०७६।६।१२ (समानिकरण र सशर्त) आयकर ऐन, २०५८ को दफा ८९ मा ५० हजार रुपैयाँभन्दा बढीको भूक्तानी दिंदा भूक्तानीको कुल रकममा १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले पि डि एस सर्भर नेटवर्क प्रा लि लाई इन्टरनेट वापतको रु ३५९००० भूक्तानी गर्दा ऐन बमोजिम १.५ प्रतिशतले हुने कर कट्टी रु ५३८५ असुल हुनुपर्ने रु.....	५३८५।००	
ढुवानी करः आयकर ऐन, २०५८ को दफा ८८ मा सार्वजनिक निकायले सवारी भाडामा लिए वापतको भूक्तानी गर्दा सम्झौता बमोजिमको भूक्तानी रकममा दश प्रतिशत ढुवानी कर कट्टा गरी भूक्तानी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यस आर्थिक वर्षमा भुक्तानी गरेका विविध कार्यक्रम र योजनामा सवारी साधन र ढुवानी बापतको भरपाई र बिल समावेश गरी रकम भुक्तानी गरेकोमा २.५ प्रतिशत मात्र ढुवानी कर कट्टी गरेको छ । ढुवानी सेवाको बिल भरपाई श्रेस्तासाथ संलग्न भएको अवस्था बाहेक अन्य भुक्तानीमा २.५ प्रतिशतमात्र कर कट्टि गर्ने कार्यमा सुधार गरी बिल बेगरको ढुवानी भरपाई पेश गर्ने परिपाटी अविलम्ब बन्द गर्नुपर्दछ ।		
प्रशिक्षक भत्ताः ९३।०७६।९।८, गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७५ बमोजिम तालिम, गोष्ठी तथा समारोहमा आन्तरिक श्रोत व्यक्तिलाई प्रशिक्षक भत्ता दिन नमिल्ने व्यवस्था रहेकोमा पालिकाका कृषि अधिकृत छैटौं श्री श्याम कुमार श्रेष्ठले स्थलगत कृषक तालिममा प्रशिक्षण गरेवापत ८ वटा कक्षाको रु १००० का दरले रु ८००० प्रशिक्षण भत्ता लिएकोले असुल हुनुपर्ने रु.....	८०००।००	
कृषि सामाग्री वितरणः ४४।०७६।७।१, कृषि अधिकृत श्री श्याम कुमार श्रेष्ठले मिति २०७६।४।२३ र २६ मा नेपाल बहुउद्देश्यीय कृषि सहकारी संस्था लिमिटेडबारु रु २१००६०।०० को कृषि सामाग्री, तरकारी बिउ, प्राङ्गारिक मल, किटनाशक विषादी लगायतका सामाग्री खरिद गरेकोमा उक्त सामाग्रीहरु २०७६।११।१५ मा खरिद गरेको ७ महिना पश्चात मात्र वितरण गरेको देखियो। आवश्यकतामा आधारित सामाग्रीहरुको खरिद पश्चात समयमै वितरण गर्न तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।		
करारका कर्मचारीलाई स्थानीय भत्ताः पालिकाले करारमा कार्यरत निम्न कर्मचारीलाई स्थानीय भत्ता भूक्तानी गरेकोमा पालिकाको आन्तरिक स्रोतबाट पर्याप्त आम्दानी नभएको अवस्थामा स्थानीय भत्ता भूक्तानी गरेको कानुन सम्मत नभएकोले अनियमित देखिएको रु	१५४८६०।००	

सि.नं	कर्मचारीको नाम	पद	रकम
१	श्री प्रदिप कुमार यादव	सव ईन्जिनियर	५७९००
२	श्री मिनकाशी गुरुङ	सामाजिक परिचालक	९६९६०

जम्मा	१५४८६०

बिल भरपाईः ४५।०७६।७।१, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५ बमोजिम सरकारी खर्च लेख्दा बिल भरपाईको आधारमा खर्च लेख्नुपर्ने व्यवस्था छ। पालिकाले खरिदार श्री तेजजंग गुरुङलाई शोधभर्ना दिंदा ६० भारी दाउराको रु ७०० का दरले रु ४२००० भूक्तानी गर्नुपर्नेमा रु ४४१०० भूक्तानी गरेकोले भरपाई भन्दा बढी रु २१०० भूक्तानी गरेकोले असुल गर्नुपर्ने रु..... २१००।००

व्यक्तिलाई भूक्तानीः सरकारी निकायले अन्तिम भूक्तानी दिंदा सम्बन्धित पार्टी वा सप्लायर्सलाई सोझै भूक्तानी गर्नुपर्नेमा कार्यालयले निम्नानुसार कर्मचारीलाई सोधभर्ना दिएको देखिएको छ । कार्यक्रम सञ्चालन र सप्लायर्सलाई भुक्तानी गर्दा सम्बन्धित पार्टी वा सप्लायर्सलाई सिधै भुक्तानी गर्ने व्यवस्था गर्नेतर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ ।

भौ.नं. र मिति	भूक्तानी दिएको कर्मचारीको नाम	भूक्तानी रकम	भूक्तानी दिनुपर्ने पार्टीको नाम
४४।०७६।७।१	अधिकृत छैटौं श्री श्याम कुमार श्रेष्ठ	२१००६०	नेपाल बहुउद्देश्यीय कृषि सहकारी संस्था लिमिटेड, कालिमाटी
८०।०७६।९।६	खरिदार श्री तेजजंग गुरुङ	१२५०००	सृष्टि स्टेशनरी, बेशीसहर
	जम्मा	३३५०६०	

अनुदान वितरणः पालिकाले वार्षिक कार्यक्रम अनुसार स्थानीय विपन्न वर्गका कृषकहरुको लागि कृषि सम्बन्धी सामाग्री तथा पशुपन्छी सम्बन्धी अनुदान वितरण गरेकोमा कृषकको छनौटका आधार, अनुदान वितरणको जानकारी, कृषकहरुको निवेदन लगायतका कुनै पनि प्रकृया पुरा नगरेको साथै एउटै कृषकलाई पटक पटक अनुदान समेत दिएको पाइयो। पालिकाको अनुदान वितरण सहभागीतामूलक र प्रभावकारी विहिन भएको पाइयो। पालिकाले वितरण गरेका अनुदानको केही उदाहरण निम्न छन्।

सि.नं.	कार्यक्रमको नाम	वार्षिक बजेट	खर्च
१	५० प्रतिशत अनुदानमा सिल्पोलिन प्लाष्टिक खरिद र ढुवानी	२७७८००	२२६६००
२	५० प्रतिशत अनुदानमा किवि विरुवा खरिद ढुवानी	५४३७५	५४१२५
३	६० प्रतिशत अनुदानमा मौरी घार खरिद र ढुवानी	२३००००	२३००००
४	६० प्रतिशत अनुदानमा लसुन विउ खरिद	५३७६०	२७०६०
५	५० प्रतिशत अनुदानमा जर्सी गाई खरिद	१०००००	१०००००
६	५० प्रतिशत अनुदानमा बोका खरिद	७५०००	७५०००
	जम्मा	७९०९३५	७१२७८५

गुणस्तर परीक्षणः ८२।०७६।९।६, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ को उपनियम १ मा सार्वजनिक निकायले आपूर्ति गरिएका खरिद सामाग्री सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण

वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ। पालिकाले ५० प्रतिशत अनुदान वितरण कार्यक्रम अन्तर्गत दुराडाँडा मल्टी एग्रो रिसर्च सेन्टर प्रा लि बाट रु २००००० को ४ वटा जर्सी गाई तथा स्थानीय स्तरबाट रु १५०००० को ४ वटा बोका खरिद गरेकोमा गाई तथा बोकाको स्वास्थ्य परीक्षण वेगर खरिद गरेकोले अनियमित देखिएको रु.....

१७५०००।००

लागत अनुमानः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ को उपदफा १ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्न कार्य गर्दा लागत अनुमान वेगर कार्य गरेकोले अनियमित देखिएको रु....

भौ नं र मिति	भूक्तानी दिएको पार्टीको नाम	विषय	रकम
१७०।०७६।११।२३	युनिक डिजाइन एण्ड डेभलपमेन्ट ईन्जिनियरिङ कन्सल्टेन्सी ललितपुर	प्रकाश ज्योती मा वि नार्सो ५ थोचे को भूप्राविधिक अनुसन्धान गर्न	४९८८९५
१७१।०७६।११।२३	साझेदारी विकास मञ्च ललितपुर	कानुनी साक्षरता सम्बन्धी कार्यक्रम	१९९५००
		जम्मा	६९८३९६५

६९८३९५।००

असम्बन्धित बिलः पालिकाले कार्यालयसँग सम्बन्धित खर्च मात्र लेख्नु पर्नेमा आफ्नो कार्यक्षेत्र भन्दा बाहिरको असम्बन्धित बिल पेश गरी खर्च लेखेको पाइयो। पालिकाले लेखेको असम्बन्धित खर्च खर्च दावी गर्ने पदाधिकारी तथा कर्मचारीबाट असुल गर्नुपर्ने देखियो।

६१।०७६।८।२९ हल्का सवारी चालक श्री रिकी घलेले पेश्की फर्स्यौट गर्दा रु २९२०० को होटल बिल पोखरा र बेशीसहरको राखी पेश गरेको तथा उक्त विल मध्ये रु ४२५५ को होटल बिल अघिल्लो आ व मिति २०७६।२।१ को भएको देखिएको साथै उक्त खर्च लेख्दा सवारी मर्मत शीर्षकबाट लेखेकोले असम्बन्धित खर्च लेख्ने परिपाटीमा सुधार गर्नुपर्ने रु.....

२९२००।००

७६।०७६।९।३ प्रमुख प्रसाशकीय अधिकृत श्री सुमन अधिकारीले मिति २०७६।७।२७ मा भाटभाटेनी सुपर मार्केट, काठमाडौंबाट रु ११३०५ बराबरको लगेज तथा ब्याग खरिद गरी पालिकाबाट खर्च दावी गरी भूक्तानी लिएकोले उक्त सामाग्री पालिकामा जिन्सी दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु

११३०५।००

आर्थिक सहयोगः पालिकाका निम्न वडा कार्यालयहरुले गुम्बाहरुलाई नियम भन्दा बाहिरको आर्थिक सहयोग रकम भूक्तानी गरेकोले अनियमित देखिएको रु....

भौ नं र मिति	वडा कार्यालय	भूक्तानी दिएको गुम्बा	रकम
२५३।०७७।३।१८	वडा नम्बर ९	संडाग पेमा छोयलिङ गुम्बा, दानाज्यू	२००००
२६२।०७७।३।१९	वडा नम्बर ९	संडाग पेमा छोयलिङ गुम्बा, दानाज्यू	२००००
२६३।०७७।३।२१	वडा नम्बर २	झरना कर्कि छेलु गुम्बा, ताल	२००००
२६४।०७७।३।१९	वडा नम्बर ८	संडाग पेमा छोयलिङ गुम्बा, दानाज्यू	११०००
		जम्मा	७१०००

७१०००।००

मुअकर कट्टी नगरेको : ११६।०७६।१०।२६, मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु तथा सेवा वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भूक्तानी गर्दा निजलाई भूक्तानी गर्ने कर रकमको पचाश प्रतिशत हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरी बाँकी रकम मात्र भूक्तानी गर्नुपर्ने, यसरी राजश्व जम्मा गरिदिएको जानकारी सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई दिनुपर्ने र जम्मा भएको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई बुझाउनु पर्ने करमा मिलान गर्न पाउने व्यवस्था छ। कार्यालयले जय किसन सिड सेन्टर टेकूबाट रु ४०३४१० को सामाग्री खरिद गरेकोमा भुक्तानीमा नियमानुसार मुल्य अभिवृद्धि कर रु ४६४१० को ५० प्रतिशत रकम रु २३२०५ कट्टा नगरी पुरै भुक्तानी दिएको देखिएकोले भुक्तानी दिएको व्यवसायी वा फर्मबाट भुक्तानी भएको कारोबार कर विवरणमा समावेश भएको प्रमाण कागजात पेश गर्नुपर्ने रु.....

२३२०५।००

हस्तान्तरण फारमः जिन्सी लेखामा कुनै पनि मालसामान स्थायी रुपमा प्रदान गर्दा हस्तान्तरण फारफ (म ले प फा नं ४०६) भरि दिनुपर्ने र सो अनुसार सम्बन्धित कार्यालयले मालसामान बुझी हस्तान्तरण फारम एवम् दाखिला प्रतिवेदन पठाएको आधारमा मालसामानको खर्च लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्वास्थ्य चौकी तथा वडा कार्यालयमा निम्न सामाग्रीको हस्तान्तरण गर्दा हस्तान्तरण फारम नभरेकोले सामानको हस्तान्तरण भए नभएको यकीन हुन नसकेको रु....

भौ नं र मिति	हस्तान्तरण गरिएको कार्यालय	सामाग्रीको नाम	रकम
१०१।०७६।९।१३	गा पा को विभिन्न स्वास्थ्य कार्यालयहरु	औषधी लगायतका सामाग्री	४२१७६७
१६०।०७६।११।२२	वडा नम्बर ९ कार्यालय	इलेक्ट्रिक मोटर	२६८२३।९४
	जम्मा		४४८५९०।९४

४४८५९०।९४

भ्याट बिलः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले आ व २०७६।७७ मा सृष्टि स्टेशनरी, बेशीसहर, लमजुङबाट रु ७९१२७० बराबरको स्टेशनरी सामाग्री खरिद गरेकोमा भ्याट बिल वेगर खरिद गरेकोले अनियमित देखिएको रु.....

७९१२७०।००

टुक्रा पारेर निर्माणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम १ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा जुनसुकै सेवा ऐनको दफा ४० बमोजिम सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले प्रकाश ज्योती माध्यामिक विद्यालयको कार्य गर्दा निम्न निर्माण सेवासँग मिति २०७६।९।२८ मा सम्झौता गरी एउटै प्रकृतिको कार्य टुक्रा पारेर खरिद गरेकोले अनियमित देखिएको रु.....

भौ नं र मिति	निर्माण सेवाको नाम	कार्यको विवरण	रकम

८६३८८६।५२

१४९।०७६।११।२२	मनाङ मर्स्याङ्दी निर्माण कम्पनी, किर्तिपुर	प्रकाश ज्योती मा वि किचेन निर्माण, भवन प्लाष्टर, रङरोगन र वायरिङ गर्ने काम	४१३२८५।२१
१५०।०७६।११।२२	रोयल माउन्टेन निर्माण सेवा, गोरखा	प्रकाश ज्योती मा वि कम्पाउण्ड निर्माण र शौचालय फिनिसिङ गर्ने काम	४५०६०१।३१
		जम्मा	८६३८८६।५२

बैठक भत्ता सम्बन्धमाः कार्यालयका निम्न कर्मचारीहरु काजमा रहेको अवस्थामा पनि मुल्याकंन समितिको बैठकमा उपस्थित जनाइ बैठक भत्ता लिएकोले उक्त भत्ता असुल गर्नुपर्ने रु.....

सि.नं.	कर्मचारीको नाम	पद	बैठक मिति	रकम
१	श्री गोबिन्द बहादुर रानाभाट	बरिष्ठ कार्यक्रम अधिकृत	२०७६।७।१७	१०००
२	श्री गोबिन्द बहादुर रानाभाट	बरिष्ठ कार्यक्रम अधिकृत	२०७६।७।१८	१०००
३	श्री गोबिन्द बहादुर रानाभाट	बरिष्ठ कार्यक्रम अधिकृत	२०७६।११।६	१०००
४	श्री तिज घले	प्रशासकिय अधिकृत	२०७६।१०।१४	१०००
५	श्री तिज घले	प्रशासकिय अधिकृत	२०७६।१२।४	१०००
६	श्री तिज घले	प्रशासकिय अधिकृत	२०७६।१०।५	१०००
			जम्मा	६०००

६०००।००

पेश्की सम्बन्धमाः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७८ मा आर्थिक वर्षको अन्त्य सम्ममा काम हुन नपाई केवल बजेट फ्रिज हुन नदिने उद्देश्यले पेश्की दिन नमिल्ने व्यवस्था छ। गाउँपालिकाले आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माणको लागि निम्न उपभोक्ता समितिलाई आर्थिक वर्षको अन्तीममा सार्वजनिक खरिद नियमावली, २०६४ विपरित निम्नानुसार पेश्की दिएको देखिएको छ । यसप्रकार पेश्की दिने प्रचलनमा सुधार गर्नुपर्दछ ।

- भौ नं १८।०७७।३।२५, कुल लागत अनुमान ३३५५७४२।०९ भएको वडा नं ४ स्थित ओडार आधारभूत स्वास्थ्य चौकी निर्माण उपभोक्ता समितिले आर्थिक वर्षको अन्तसम्ममा रु २२९१८७१।०० को काम भैसकेकोमा बाँकी कामको लागि रु १०६३८७०।०० पेश्की उपलब्ध गराएको।

भौ नं १९।०७७।३।२५, कुल लागत अनुमान रु ३३७८७९६।४६ भएको वडा नं २ स्थित नाचे आधारभूत स्वास्थ्य चौकी निर्माण उपभोक्ता समितिले आर्थिक वर्षको अन्त्य सम्ममा रु २०२८९६९।०० को काम भैसकेकोमा बाँकी कामको लागि रु ११२४३८५ पेश्की उपलब्ध गराएको।

विद्यालय अनुदानः उत्कृष्ट विद्यालयलाई प्रोत्साहन अनुदान वापत श्री प्रकाश ज्योती मा वि थोचेलाई रु २००००।०० र गणित, विज्ञान र अंग्रेजी विषयका लागि क्रियाकलापमा आधारित किट्स अनुदान वापत श्री प्रकाश ज्योती मा वि थोचे र भानू मा वि तानललाई रु ५००००० का दरले रु ३००००० निकासा दिएकोमा उक्त अनुदानको उपयोग सम्बन्धी विल भरपाई प्रमाण पेश नभएको रु.....

	३००००००।००	
दोहोरो भत्ताः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम ८ मा कुनै रकमको भूक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्वास्थ्य शाखातर्फ अनमी श्री मिश्री माया गुरुङलाई मिति २०७६ चैत्र देखि २०७७ अषाढ सम्म अतिरिक्त सम्म अतिरिक्त समय भत्ता ५० प्रतिशतका दरले बुझेको देखिएकोमा सोही अवधिमा फिल्डमा खटिएको भनी फिल्ड भत्ता समेत लिएको देखिएकोले दोहोरो परेको फिल्ड भत्ता मासिक २२५० का दरले चार महिनाको रु ९०००।०० असुल हुनुपर्ने रु.....	९०००।००	
सोझै खरिदः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १ अनुसार पाँच लाख रुपैयाँ भन्दा बढीको मालसामान खरिद गर्दा सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारको सोलार प्यानल खरिद गर्दा नियमावली विपरित सोझै खरिद गरेको देखियो। यसले गर्दा खरिद प्रकृया मितव्ययी, पारदर्शी एवं प्रतिस्पर्धात्मक हुनु नसकेकोले अनियमित देखिएको रु....	१३३८२९२।००	

भौ नं र मिति	संस्थाको नाम	रकम
३।०७६।११।२२	ए जि पावर सप्लायर्स, पोखरा	४५६३००
४।०७६।११।२२	बराह गोबर ग्याँस तथा नविकरणीय उर्जा प्रा लि, काठमाडौं	४८४९९६
५।०७६।११।२२	अन्नपूर्ण फेवा कन्सर्न प्रा लि, पोखरा	३९६९९०
	जम्मा	१३३८२९२

प्रदेश शसर्त अनुदानतर्फः		
उपभोक्ता समितिः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सवकन्ट्र्याक्टर बाट गराउन सकिने छैन भन्ने व्यवस्था छ। पालिकाले कुल लागत अनुमान २२१०१५८।०० भएको ताल खेल मैदान निर्माण कार्य उपभोक्ता समिति समक्ष खरिद सम्झौता गरेकोमा उक्त काम उक्त उपभोक्ता समितिले आँखे कुटु कन्स्ट्रक्सन एण्ड इक्युपमेन्ट मनाङबाट गराएको देखिएकोले नियमावलीको पालना भएको देखिएन। अतः गाउँपालिकाले नियमावलीको पालना गरी खरिद कार्यलाई थप प्रतिस्पर्धी एवं प्रभावकारी बनाउनु पर्दछ।		
परामर्श सेवाः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७१ मा नियम ७० बमोजिम संक्षिप्त सूची तयार भएपछि सार्वजनिक निकायले सो सूचीमा परेका आशयपत्रदातालाई प्रस्ताव सम्बन्धी कागजात पठाई बीस लाख रुपैयाँ सम्मको लागत अनुमान भएको खरिदको लागि कम्तीमा पन्ध्र दिनको समय दिइ निजहरुबाट प्रस्ताव माग गर्नुपर्ने व्यवस्था भएको र नियम ७२ मा मौजुदा सूचिमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने व्यवस्था छ। साथै खरिद नियमावलीमा परामर्शदातालाई कुनै पनि पेश्की दिन मिल्ने व्यवस्था छैन। गाउँपालिकाले नासों गाउँपालिका पर्यटन विकास गुरुयोजनाको ल.इ. रु		

९९७७९०।०० र गाउँपालिकाको आवधिक योजनाको ल.इ. रु ११९७८००।०० निर्माण कार्यको लागि श्री इन्टिग्रेटेड डेभलपमेन्ट एण्ड मेनेजमेन्ट प्रा लि कास्की र प्रमुख प्रशासकीय अधिकृत श्री सुमन अधिकारी एवं बरिष्ठ कार्यक्रम अधिकृत श्री गोविन्द बहादुर रानाभाट बाट मिति २०७६।१०।२ मा मिति २०७७ बैशाख मसान्त भित्र अन्तिम प्रतिवेदन पेश गरी सम्झौता गरेको देखिन्छ। नियमावली विपरित मिति २०७६।११।२३ मा उक्त परामर्शदातालाई रु ६६०००००।०० कुनै जमानत नै नलिई भूक्तानी गरेको देखिन्छ। उक्त परामर्शदाताको म्याद समाप्त भएको १३ महिना बितिसक्दा समेत काम नभएको र म्याद थप समेत गर्न नमिल्ने देखिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार उक्त परामर्शदातालाई कारवाही गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई ब्याज सहित उक्त पेश्की रकम असुल गर्नुपर्ने रु..... ६६००००।००

भ्रमण खर्चः भ्रमण खर्च नियमावली, २०६४ को नयम ७ मा सरकारी कामको सिलसिलामा मुलुकभित्र आफ्नो कार्यालय भन्दा बाहिर काजमा खटिएमा दैनिक भत्ता पाउने व्यवस्था छ। पालिकाले विभिन्न कर्मचारीहरुलाई काजमा खटाउने गरेकोमा छनौटमा परेका मध्ये निम्न भौ नं र मितिबाट निम्न कर्मचारीहरु कार्यालयमै उपस्थित भएको अवस्थामा समेत दैनिक भत्ता भूक्तानी लिएको देखिएकोले नियमावली विपरितको उक्त सुविधा असुल गर्नुपर्ने रु.....

भौ नं र मिति	कर्मचारीको नाम	पद	भ्रमण अवधि	रकम
६३।०७७।२।१	श्री शारदा भण्डारी	प्रमुख प्रशासकीय अधिकृत	०७७।१।२३ देखि २६ सम्म	४२२१
	श्री गोविन्द बहादुर रानाभाट	बरिष्ठ कार्यक्रम अधिकृत	०७७।१।१८ देखि २० सम्म	२९५३
			जम्मा	७१७४

७१७४।००

आकस्मिक कार्य :गाउँपालिकाले निम्नानुसार आकस्मिक कार्य गराएकोमा प्रारम्भिक लागत अनुमान स्वीकृती बेगर पटके आदेशका आधारमा कार्य गराउने र पटक पटक भुक्तानी दिने गरेको छ । आकस्मिक कार्य गराउँदा प्रकोप व्यवस्थापन कोष सम्बन्धि कार्यविधि तर्जूमा गरी सो का आधारमा कार्य गराउनुपर्ने देखिएको रु

क्रसं	विवरण	मार्फत	भुक्तानी रकम
४-९।१०	नाचेदेखी कुटको चरण खर्क	निर्माण कार्य समिति	९९०००।००
११-९।१४	ताचै जाने बाटो पहिरो मर्मत	निर्माण व्यवसायी	९४२५९।००
१२-९।२९	धारापानी खण्डमा पहिरो सफाई	निर्माण व्यवसायी	१०४०६८।००
५१-३।१०	मर्मत तथा सफाई	निर्माण व्यवसायी	३०५१००।००
५०-३।१०	मर्मत तथा सफाई	निर्माण व्यवसायी	६७०००।००
५७-३।२१	मर्मत तथा सफाई	निर्माण व्यवसायी	८८९८७।००
		जम्मा	७५८४१४।००

७५८४१४।००

उपभोक्ता बिल भरपाई: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत कार्य गराउने विधि र प्रक्रियासहित अन्तिम भुक्तानीका लागि पेश गर्नुपर्ने कागजात सम्बन्धि व्यवस्था रहेका छन् । गाउँपालिकाले निर्माण कार्य सञ्चालनका लागि उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराएकोमा छड, सिमेन्ट, ग्याबियन जाली लगायतको मुल्य अभिवृद्धि कर बिल पेश गर्ने गरेको भएतापनि ढुँगा, गिट्टि, काठ, माटोर डोर हाजिरको आधारमा भुक्तानी गर्ने कारोबारको वास्तविक बिल भरपाई पेश भएको छैन । यसबाट श्रेष्तासाथ संलग्न गरिएका कागजात वास्तविक र तथ्यमा आधारित रहेको यकिन हुने अवस्था छैन । सार्वजनिक निकायले प्रचलित ऐन कानून बमोजिमका कागजातहरु वस्तुपरक र तथ्यमा आधारित हुने प्रमाण कागजात लिने एवं सो को जाँचबुझ वा चेकजाँचपश्चात मात्र अन्तिम भुक्तानि दिने व्यवस्था गर्नुपर्दछ ।

मोबाईल टावर संरक्षण: ६३-२०७७।३।२४, सार्वजनिक निकायले खर्च गर्दा मुनाफा कमाउने उद्देश्यले स्थापित कम्पनिलाई लाभ हुने गरी कार्य गराउनु हुँदैन । गाउँपालिकालेनम्रुचोमोबाईल टावर संरक्षणाका लागि तार जाली र गेट निर्माणका लागि लागत अनुमान रु २९१९८३।९० तयार गरी उपभोक्ता समितिलाई रु २६५०००।०० भुक्तानी दिएको छ । गाउँपालिकाले नाफा कमाउने उद्देश्यले स्थापित कम्पनीले टावर निर्माणका लागि जग्गा भाडा समेत लिनुपर्नेमा संरचना निर्माणका लागि लगानी गर्ने कार्य उपयुक्त नदेखिएको रु

२६५००।००

धरौटी र जमानत: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(४) बमोजिम अन्तिम भुक्तानी दिनुपुर्व धरौटी कट्टी गर्नुपर्ने र सम्झौता गर्नुपुर्वनियम ११० बमोजिम त्रुटी सच्याउने अवधिभन्दा १ महिना थप अवधिसम्मको जमानत पेश हुनुपर्ने व्यवस्था छ । गाउँपालिकाले निम्नानुसार विभिन्न निर्माण व्यवसायीमार्फत कार्य गराउँदा धरौटी कट्टी नगरेको, बोलपत्र पेश गर्दाको जमानतको आंशिक रकमबाहेक थप जमानत लिने नगरेको र कार्यसम्पादन जमानत समेत पुरा नलिएको देखिएको छ । प्रचलित कानूनबमोजिम धरौटी कट्टा नगरेको तथा कार्यसम्पादन जमानत बेगर कार्य गराएको नियमसम्मत देखिएन ।

क्रसं	योजना	व्यवसायी	अन्तिम मूल्यांकन र भुक्तानी
१३-१०।२७	तोकोईडै चौतारा देखी ओडारगाउँ जाने बाटो निर्माण	आँखे कुटु कन्स्ट्रक्सन एण्ड खईक्यूपमेन्ट प्राली	१९९५६५७।२१
१६-११।२३	धारापानी शबदाह स्थल	मनाङ्ग मर्स्याङ्गदी निर्माण कम्पनी	७६२३९८।९७
२०-१।२२	घेलान्चोक गाउँ बाटो निर्माण	मनाङ्ग मर्स्याङ्गदी निर्माण कम्पनी	१०४०६८।००
२३-१।२३	ताचै गाउँ बाटो ढलान	शेष निर्माण सेवा	१४८९२००।३०
२२-१।२२	सडक निर्माण	दोभान नासो कन्स्ट्रक्सन एण्ड सप्लायर्सप्राली	१९८३५१०।७८

३४-३।१५	बगर छाप गाउँ तथा वडा भवन जाने बाटो ढलान	घले कन्स्ट्रक्सन उद्योग	७२७३५४।३०
५३-३।२४	ताचै तिल्चे पर्यटकिय पदमार्ग निर्माण	घले कन्स्ट्रक्सन उद्योग	९४४३७०।००
४५-३।२३	निर्माण कार्य	सि एण्ड सि कन्स्ट्रक्सन	१२५१४२०।३८
६१-३।२४	ताचै गाउँ टावर	शेष निर्माण सेवा	७८१३९१।००

बढी भुक्तानी :सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ बमोजिम अन्तिम भुक्तानी दिनुपुर्वबिल बिजकको आधारमा सम्झौताको शर्त बमोजिम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले निम्नानुसारका भुक्तानी गर्दा निर्माण व्यवसायीलाई बढी भुक्तानी गरेको देखिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु — ९०५०।००

क्रसं	विवरण	व्यवसायी	अन्तिम मूल्यांकन र भुक्तानी
३१-२।४	खोत्रो आमा समूह भवन निर्माणका लागी रु ६६४३४३।४३ मा समझौता भई व्यवसायीबाट रु ६५१९३१।७८ को कार्यसम्पन्नभएबमोजिम बिल पेश भएकोमा कार्यालयबाट रु ६६०९८१।३३ भुक्तानी भएको	वि एण्ड डि निर्माण सेवा	९०५०।००

बैठक भत्ता:३२०-२०७७।३।२४, कार्यालयले अन्तिम भुक्तानी दिनुपूर्व रितपूर्वकको बिल भरपाई प्रमाण र खर्चको पुष्टयाई हुने कागजातका अलावा दोहोरो नपरेको यकिन गरेर मात्र भुक्तानी दिनुपर्नेमा गाउँपालिकाले मूल्यांकन समितिका संयोजक श्री गोविन्द ब रानाभाट, नविन जोशी लगायतलाई स्वीकृत भ्रमण आदेश बमोजिम २०७७।३।१४ र १५ गते काज रहेको अवस्थामा २ बैठक बापत ६ कर्मचारीलाई रु १०२००।०० भुक्तानी दिएको देखिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु — १०२००।००

कार्यक्रमको सान्दर्भिकता: गरिवसँग विश्वेश्वर कार्यक्रम कार्यान्वयन निर्देशिका २०६६ बमोजिम साविकका ३ गाविसमा सञ्चालनमा रहेको गरिवसँग विश्वेश्वर कार्यक्रम हाल यस गाउँपालिकामा समेत सञ्चालनमा रहेको छ । कार्यक्रम अन्तर्गत १ जना सामाजिक परिचालक कार्यरत रहेकोमा तलव भत्तामा रु २ लाख ५ हजार खर्च भएको, कार्यालय सञ्चालनमा रु ४०००० र सामाग्री खरिदमा रु २५००००।०० समेत रु ४९५०००।०० खर्च भएको छ। अति विपन्न परिवारलाई रोजगारी तथा आयमुलक क्रियाकलाप सञ्चालनको माध्मबाट सामाजिक र आर्थिक क्रियाकलापमा संलग्न गराउँदै गरिविको रेखाबाट उठाई स्वावलम्बनतर्फ अग्रसर गराउने कार्यक्रमको उद्देश्यबमोजिम यस गाउँपालिकामा क्रियाकलाप सञ्चालन भएको वा समुदाय परिचालन भएको नदेखिएको, बिउ पुँजीका माध्यमबाट बचत परिचालन नभएको र कार्यरत सामाजिक परिचालकलाई कुनै जिम्मेवारी बेगर तलव भत्ता भुक्तानी भैरहेकोले कार्यक्रमको सान्दर्भिकता देखिएको छैन । स्थानीय तहमा समुदाय परिचालन नहुने र आय आर्जनका कार्यक्रम सञ्चालन भएको नदेखिएकोले कार्यक्रमको उद्देश्य बमोजिम सञ्चालन गर्ने व्यवस्था गर्नुपर्दछ ।

आन्तरीक लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयनः प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३ को उपदफा ६ मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औल्याएका व्यहोरा अन्तिम लेखापरीक्षण अगावै फछ्र्यौट गराउनुपर्ने व्यवस्था भएकोमा आन्तरीक लेखापरीक्षण प्रतिवेदनले औल्याएको देहायको वेरुजु हालसम्म फछ्र्यौट नभएकोले उक्त रकम देहायअनुसार फछ्र्यौट हुनुपर्दछ ।

क.सं.	ब.उ.शि.न.	विवरण	वेरुजु रकम रु
१	पूँजीगत	श्री प्रकाश ज्योती उच्च मा.बि. मा शैक्षिक भवन निर्माणको लागि निर्माण व्यवशायी श्री पराजुली कन्सट्क्सन प्रा .लि. बेशीशहरलाइ मोबीलाइजेसन पेश्की दिएको रु ३०००००० । आर्थिक वर्षको अन्तसम्म पनि फछ्र्यौट नभएको ।	
२	पूँजीगत	श्री प्रकाश ज्योती उच्च मा.बि. मा छात्राबास भवन निर्माणको लागि निर्माण व्यवशायी श्री सिनर्जी क्रिश्चल सचेत जे भि गोरखालाइ मोबीलाइजेसन पेश्की दिएको रु ३५००००० । आर्थिक वर्षको अन्तसम्म पनि फछ्र्यौट नभएको ।	
३	चालु	कार्यालयले तलबी प्रतिबेदन पारित गरी तलब खर्च लेख्नुपर्ने ।	
४	चालु	लगबुक नराखी ईन्धन खर्च लेखेको ।	

अनुगमन लेखापरीक्षण : पालिकाले यो वर्ष अर्थिक वर्ष २०७५।०७६ को बेरुजु फछ्र्यौट गरी सम्परीक्षणको लागि पेश भएकोमा निम्नानुसार लगत कट्टा गर्नेगरी जानकारी दिइएको छ । फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

सि.नं.	वेरुजु दफा नं.	वेरुजुको संक्षिप्त व्यहोरा	रकम	सम्परीक्षण
१	२३	नपाउने बैठक भत्ता	५०१५०	असूल
२	२५	सामान प्राप्त नभएको	४७०००००	प्रमाण
३	२९	बढी भत्ता	९६०	असूल
४	३०.१	बालुवा गीटीको असूल गर्नुपर्ने	३००९००	असूल
५	३०.३	प्रदेश कार्यालयमा जम्मा गर्नपर्ने	२२७०४	दाखिला
६	३१	कर कट्टि नगरेको	३६१३	असूल
७	३२	अनुपातिक कट्टि नगरेको	३३७०	असूल
८	५२	कार्यसम्पन्न प्रतिवेदन पेश नभएको	१७५०००	प्रमाण
९	५३	घटी मूल्यांकन	३५७५८१	असूल
१०	५४	विभिन्न योजना असूल गर्नुपर्ने	४३६५०१	असूल
		जम्मा	१४६३१९८	

अद्यावधिक वेरुजु - यस पालिकाको २०७६।७७ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

गत वर्षसम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	यो वर्ष कायम बेरुजू (C)	संपरीक्षणबाट कायम बेरुजू (D)	अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)
२३८८३	१४६३	६४७१	००	२८८९१